दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २६ | बुटवल | २०८२ माघ ०६ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday January 20, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रतिनिधिसभा निर्वाचन :

# आज मनोनयन दर्ता, तडकभडक नगर्न चेतावनी




**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत आज (मंगलबार) देशभर मनोनयन दर्ता गरिंदैछ। देशभरका १६५ निर्वाचन क्षेत्रमा मनोनयन दर्ता गर्न विभिन्न दलबाट टिकट पाएका र स्वतन्त्र उम्मेदवारहरु निर्वाचन अधिकृतको कार्यालय जानेछन्।

निर्वाचन आयोगका प्रमुख कार्यवाहक निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उम्मेदवारी मनोनयन गर्न जाँदा बाजागाजालगायत तडकभडक नगर्न चेतावनी दिएका छन्। सञ्चारकर्मीहरूसँग सोमबार आयोगमा कुराकानी गर्दै उनले उम्मेदवारी कायम गर्न जाँदा बाजागाजालगायतका तडकभडक नगर्न चेतावनी दिएका हुन्।

तडकभडकलाई कानुनले पूर्णरुपमा निषेध गरेको र आचारसंहिताले पनि निषेध गरेकाले त्यस्ता गतिविधिहरू नगर्न सचेत गराए।

आचारसंहिता उल्लंघन गर्नेविरुद्ध आयोगले कठोर निर्णय लिने चेतावनी पनि उनले दिए। निष्ठापूर्वक आचारसंहितालाई परिपालन गर्दै मनोनयन पत्र दाखिल गर्न उनले आग्रह गरे।

'उम्मेदवारी कायम गर्न जाँदा बाजागाजालगायतका तडकभडक हुन्छ। यो पूर्णरुपमा कानुनले निषेध गरेको छ। आचारसंहिताले निषेध गरेको छ।'- भण्डारीले भने।

प्रमुख कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले अब हुने निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त वातावरणमा हुने दाबी गरे।

'आचारसंहिताले निषेध गरेका कामहरू प्रयोग नगरीकन निष्ठापूर्वक आचारसंहितालाई परिपालन गर्दै मनोनयन पत्र दाखिल गर्न जानुभयो भने सबै सरोकारवालालगायत मतदाताहरूको र त्यसलाई टड्कारो रुपमा हेरिरहनुभएका विदेशमा रहेका, नेपालको निर्वाचनप्रति चासो र सरोकार राख्ने व्यक्तिहरूको बिचमा पनि अब हुने निर्वाचन, स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त वातावरणमा निर्वाचन हुँदैछ,' उनले भने-'यो निर्वाचनमा कुनै शंका, उपशंका गर्नुपर्दैन।'

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद कन्हैया बानियाँले प्रदेश सभा सदस्यबाट राजीनामा दिएका हुन्।

## रूपन्देहीका ५ वटै क्षेत्रमा रास्वपाले टुंगायो उम्मेदवार

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रुपन्देहीका ५ वटै क्षेत्रका उम्मेदवार टुंगो लगाएको छ।

रास्वपा स्रोतका अनुसार क्षेत्र नं. १ मा पार्टी महामन्त्री समेत रहेका सुनिल लम्साल, २ मा इञ्जिनियर आशिष सुवेदी, ४ मा कन्हैया बानिया र ५ मा तौफिक अहमद खान उम्मेदवार बन्ने भएका छन्।

क्षेत्र नं. ३ मा भने यसअघि उप-निर्वाचनमा टिकट पाएका डा. लेखजंग थापालाई नै उम्मेदवार बनाउने निर्णय गरेको थियो। क्षेत्र नं. १ मा टिकट पाएका लम्साल बालेन शाह काठमाडौंका मेयर हुँदा उनको सचिवालयमा काम गरेका थिए। क्षेत्र नं. २ मा टिकट पाएका सुवेदी पूर्व माओवादी कार्यकर्ता हुन्। उनी अखिल क्रान्तिकारीमा क्रियाशील थिए। पछिल्लो समय उनी हङकङमा बस्दै आएका थिए।

क्षेत्र नं. ४ मा टिकट पाएका बानिया लोकतान्त्रिक समाजवादी पार्टीबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए। क्षेत्र नं. ५ मा टिकट पाएका खान भैरहवा निवासी हुन्। उनी निर्माण व्यवसायी परिवारका सदस्य हुन्। क्षेत्र नं. ५ बाट पार्टी जिल्ला सभापति डा. बुद्धिप्रसाद शर्मा पनि आकांक्षी थिए। क्षेत्र नं. १, २ र ५ का उम्मेदवार रास्वपा वरिष्ठ नेता बालेन शाहको कोटाबाट उम्मेदवार बनेका हुन्। टिकट वितरणप्रति विशेषगरी क्षेत्र नं. २ र ५ मा पार्टी नेता कार्यकर्ताहरुमा व्यापक असन्तुष्टी देखिएको छ। पार्टीभित्रको असन्तुष्टीका कारण पार्टीले उम्मेदवार सार्वजनिक नगरेको तर टिकट वितरण गरिसकेको रास्वपा रुपन्देहीका एक पदाधिकारीले बताए। 'रास्वपा स्थापनाकालदेखि खटेर पार्टीलाई स्थापित गरेका नेताहरुलाई अन्याय भएको छ, धेरै नेता कार्यकर्ता दुखित छन्,' एक पदाधकारीले भने-'पार्टीको क्षेत्रीय र जिल्ला समितिसँग कुनै परामर्श नगरी केन्द्र मात्रै हावी भएको छ, यसले क्षेत्र र जिल्लामा खटेर काम गर्ने नेताहरुको मनोबल गिरेको छ, अपमानित हुनुपरेको महसुस भएको छ।'

**कांग्रेसबाट को-को उम्मेदवार ?**

कांग्रेसले लुम्बिनी प्रदेशमा पाल्पा २ बाट हिमालदत्त श्रेष्ठ, रुकुम पूर्वमा कसुम थापा मगर, रोल्पामा डा. सुदन ओली, प्यूठानमा ३. डा. गोविन्दराज पोखरेल, गुल्मी १ मा चन्द्र भण्डारी र गुल्मी २ मा भुवन श्रेष्ठलाई उम्मेदवार बनाउने भएको छ।

**रुकुम पूर्वमा एमालेले किन फेऱ्यो उम्मेदवार ?**

नेकपा एमालेले रुकुम पूर्वमा यसअघि निर्णय गरेको उम्मेदवार फेरेको छ। यसअघि केन्द्रीय सदस्य खेममान खड्कालाई उम्मेदवार बनाउने निर्णय गरेको एमालेले अहिले निवर्तमान जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य लीलामणि गौतमलाई उम्मेदवार बनाउने भएको छ। गौतम पार्टीको महाधिवेशनमा ४० वर्ष कम उमेरबाट प्रतिनिधित्व गर्दै केन्द्रीय सदस्य बनेपछि जिल्ला अध्यक्ष छाडेका हुन्। रुकुम पूर्वमा नेपाली कम्युनिस्ट पार्टीबाट संयोजक एवम् पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड उम्मेदवार छन्। नेपाली कांग्रेसबाट कुसुमदेवी थापा मगर र प्रगतिशील लोकतान्त्रिक पार्टीबाट जनयुद्धका शहीद पुत्र सन्दिप पुन उम्मेदवार छन्।

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा रुकुम पूर्व क्षेत्रबाट समानुपातिकतर्फ तत्कालीन माओवादी केन्द्रले ८ हजार २ सय ७१ मत प्राप्त गरेको थियो।

नेपाली कांग्रेसले ५ हजार ६ सय ९२ मत ल्याउँदा एमालेले ३ हजार ६ सय ५९ मत प्राप्त गरेको थियो। ०६४ देखि नै यो क्षेत्रमा तत्कालीन माओवादीले जित्दै आएको छ।

**कांग्रेस लुम्बिनीका महामन्त्री खनाल रास्वपा प्रवेश**

नेपाली कांग्रेस लुम्बिनी प्रदेश महामन्त्री बिक्रम खनाल रास्वपा प्रवेश गरेका छन्। उनले कांग्रेसबाट २०७० सालमा संविधानसभा सदस्य निर्वाचन जितेका थिए। बर्दघाट नगरपालिका निवासी खनाल जिल्लामा लोकप्रिय नेताका रुपमा चिनिन्छन्।

२०७९ को निर्वाचनमा क्षेत्र नं. १ मा विनोद चौधरीले टिकट पाएपछि खनाल असन्तुष्ट थिए। उनीमाथि चौधरीलाई हराउन खोजेको आरोप लागेको थियो। उनीमाथि कारबाहीको सिफारिस पनि भएको थियो, तर पछि कारबाही फुकुवा भएको थियो। खनालले सयौं कार्यकर्तासहित रास्वपा प्रवेश गरेको बताए। उनी नवलपरासी पश्चिम क्षेत्र नम्बर १ मा रास्वपाबाट उम्मेदवार बन्ने भएका छन्।

# धमाधम राजीनामा दिँदै उम्मेदवार बन्दै




स्थानीय तहका प्रमुख र उप-प्रमुख तथा अध्यक्ष र उपाध्यक्ष एंव प्रदेशसभा सदस्यबाट राजीनामा दिएर आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिन लर्को लागेको छ। उम्मेदवारको मनोनयन दर्ता आज हुँदैछ।

बुटवल। काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले आइतबार पदबाट राजीनामा दिए। आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुन साहले राजीनामा दिएका हुन्।

उनी राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट झापा–५ बाट उम्मेदवार हुँदैछन्। यो क्षेत्रबाट पहिलेदेखि एमाले अध्यक्ष चुनावमा उम्मेदवार हुँदै आएका छन्।

स्थानीय तहको प्रमुखबाट राजिनामा दिने साह एक्ला होइनन्। भरतपुर महानगरपालिका प्रमुख रेणु दाहालले पनि राजीनामा दिएर चुनावी मैदानमा खडा भएकी छन्। उनी नेकपाबाट चितवन–३ बाट उम्मेदवारी दिँदैछिन्। त्यसैगरी वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले पनि राजीनामा दिएर जनता समाजवादी पार्टीबाट एमाले प्रवेश गरेका छन्। उनले एमालेबाट उम्मेदवारी दिने तयारी गरेका छन्।

ओखलढुङ्गाको लिखु गाउँपालिका उपाध्यक्ष अस्मिता थापाले राजीनामा दिएर एमालेको तर्फबाट ओखलढुङ्गाबाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिँदैछिन्। रंगेली नगरपालिकाका प्रमुख दिलिपकुमार बगडियाले राजीनामा दिएर मोरङ–२ बाट उम्मेदवारी दिँदैछन्। उदयपुरको लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष मेजर राईले आगामी प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवार हुनेगरी घोषणा गर्दै पदबाट राजीनामा दिएका छन्।

राई तत्कालीन माओवादी केन्द्रबाट दुई पटक गाउँपालिका अध्यक्ष निर्वाचित भएका थिए। उनी प्रतिनिधिसभा निर्वाचनमा उदयपुर क्षेत्र नम्बर २ बाट आकांक्षी थिए। तर अहिलेको नेकपाले उनको साटो माओवादीकै सुरेशकुमार राईलाई उम्मेदवार बनाउने घोषणा गरेपछि अध्यक्ष राईले राजिनामा दिएका हुन्।

**प्रदेशसभा छाड्ने झन धेरै**

स्थानीय तहको प्रमुख र उपप्रमुख भन्दा प्रदेशसभा छाड्नेहरु धेरै देखिएका छन्। लुम्बिनी प्रदेशसभाका दुई जना सदस्यले राजिनामा दिएर उम्मेदवारी दिने तयारी गरेका छन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का धनबहादुर मास्की र नेकपामा समाहित भएको नागरिक उन्मुक्ति पार्टी (नाउपा)का सांसद धर्मबहादुर चौधरीले प्रदेश सभा सदस्यबाट राजीनामा दिएका हुन्। चौधरी यसअघि नाउपाबाट बर्दिया २ (२)बाट निर्वाचित भएका थिए। नाउपा प्रचण्ड नेतृत्वको नेकपामा समाहित भएपछि उनी भने कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीमा लागे। उनी उज्यालो नेपाल पार्टीका महासचिवसमेत हुन्। उनी बर्दिया–२ बाट उम्मेदवारी दिँदैछन्।

मास्कीले दाङ निर्वाचन क्षेत्र नं. ३ बाट उम्मेदवारी दिँदैछन्। मास्की यसअघि तत्कालीन नेकपा माओवादी, एकीकृत समाजवादी र कांग्रेससहितको गठबन्धनबाट २०७९ को निर्वाचनमा दाङ ३ (२) बाट एमालेका हुकुमबहादुर बस्नेतलाई पराजित गरेका थिए।

बागमती प्रदेशका ६ जना प्रदेशसभा सदस्यले पदबाट राजीनामा दिएका छन्। सचिवालयका अनुसार राजीनामा दिनेमा नेपाली कांग्रेसका कुन्दनराज काफ्ले, नेकपा एमालेका अमनकुमार मास्के र प्रकाश श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका युवराज दुलाल र वसन्तप्रसाद मानन्धर तथा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सुनिल केसी रहेका छन्। केसीबाहेक सबै सांसद प्रदेशको मन्त्री भइसकेका छन्।

पूर्वआर्थिक मामिला तथा योजनामन्त्री समेत रहेका दोलखाका काफ्लेले सोमवार हेटौंडा–१० स्थित प्रदेशसभामै उपस्थित भएर उपसभामुख अप्सरा चापागाईंलाई राजीनामा बुझाए। मास्के, श्रेष्ठ, दुलाल, मानन्धर र केसीले प्रदेशसभा सचिवालयमा इमेल मार्फत राजीनामा पठाए।

यस्तै रुपन्देही ४ बाट प्रदेशसभा सदस्य निर्वाचित कन्हैया बनिया रास्वपाबाट रुपन्देही क्षेत्र नम्बर ४ बाट निर्वाचन लड्न राजीनामा दिएका हुन्।

२०७९ सालको निर्वाचनमा रुपन्देही क्षेत्र नम्बर ४ (१) मा तत्कालिन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपालबाट प्रदेशसभा सदस्यमा निर्वाचित बनियाले सोमबार राजीनामा दिएका हुन्।

राजनैतिक विश्लेषक मनिकर कार्की स्थानीय तह र प्रदेशसभाको कार्यकाल बाँकी छँदै राजीनामा दिएर अर्को चुनावमा उम्मेदवार हुन लाग्नु मतदाताप्रतिको अपमान भएको बताउँछन्। 'जिम्मेवारी पूरा नगरी हिंड्नु बेइमानी हो। विकास र सेवा प्रवाहमा लाग्ने विषय उठाएर चुनाव जिते, करार भंग गरे। राजनैतिक रुपमा ठिक होइन।'–उनले भने।



## सम्पादकीय

# नागरिकप्रति बेइमानी

स्थानीय तहका प्रमुख र उप-प्रमुख तथा अध्यक्ष र उपाध्यक्ष एवं प्रदेशसभा सदस्यको राजनैतिक महत्वकांक्षा चुलिएपछि अहिले कार्यकाल बाँकी छँदै राजीनामा दिएर प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिँदैछन् । कार्यकाल पूरा नगरी राजीनामा दिएर अर्को चुनावमा जनतासामु भोट माग्न जानु लज्जास्पद छ ।

राजनीतिलाई सफा बनाउने हो र सुधार गर्ने हो भने जनताप्रति गरेको वाचा पूरा गर्नुपर्छ । स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल पाँच वर्ष हो । पाँच वर्षको कार्यकालमा विकास निर्माण, सुशासन र सेवा प्रवाहको काम राम्रो गर्ने वाचा गरेर उनीहरुले चुनाव जिते । जनताले पत्याए । जनताको विश्वासलाई घात गरेर बिचैमा राजीनामा दिएर अर्को चुनावमा हिंड्नु भनेको जनतासामु गरेको करार सम्झौताको उल्लंघन हो ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह राजीनामा दिएर चुनाव लड्न झापा पुगेका छन् । भरतपुर महानगरपालिका प्रमुख रेणु दाहाल राजीनामा दिएर चितवन–३ बाट चुनावमा उम्मेदवारी दिँदैछिन् । लुम्बिनी प्रदेशसभाका दुई सदस्यले राजीनामा दिइसकेका छन् । बाग्मती प्रदेशसभाका आठ सदस्यले राजीनामा दिएर चुनावमा उम्मेदवारी दिँदैछन् । राजीनामा दिनेको संख्या अझैं बढ्न सक्ने देखिएको छ । स्थानीय तहको चुनाव २०७९ बैशाखमा भएको हो । स्थानीय तहको कार्यकाल अझैं एक वर्षभन्दा बढी छ । प्रदेशसभाको चुनाव २०७९ मंसिरमा भएको हो । प्रदेशसभाको कार्यकाल अझैं दुई वर्ष बाँकी छ ।

पाँच वर्षका लागि जनतासामु गरेको करार सम्झौता उल्लंघन गर्ने जनप्रतिनिधिलाई नागरिकले चुनावमा प्रश्न गर्नुपर्छ । पहिले चुनाव जित्दा गरेका के-के वाचा पूरा भए ? पाँच वर्षका लागि गरेको करार सम्झौता किन उल्लंघन भयो ? नागरिकले प्रश्न गरेनन् भने राजनैतिक दलका नेताहरुको मनपरी झनै बढ्ने छ । चुनावमा सीमित व्यक्तिले मैदान होल्ड गर्ने प्रवृत्ति बढ्ने जोखिम छ ।

लोकतन्त्रमा नागरिक शक्ति महत्वपूर्ण हुन्छ । नागरिकले प्रश्न गर्छन् भने मात्रै नागरिक शक्ति सतहमा देखिन्छ । नागरिकले प्रश्न गर्दैनन् भने लोकतन्त्र व्यवहारमा देखिँदैन् । लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन प्रश्न गर्ने नागरिकको समूह हुनुपर्छ । नेपालमा लोकतान्त्रिक प्रणालीलाई संस्थागत र बलियो बनाउन प्रश्न गर्न सक्ने नागरिक समूह अगाडि आउनुपर्छ । नागरिक प्रश्न गर्न हच्किने हो भने राजनीतिलाई फेरि पनि सीमित मुठ्ठीभरका व्यक्तिले नियन्त्रणमा राख्नेछन् ।

# निर्वाचनको प्रतीक्षामा देश



अच्युतप्रसाद पौडेल

विश्वविद्यालयहरू राजनीतिमुक्त हुने प्रयासका लागि महावीरहरु देखिनुपर्ने, चुनावकै लागि रविहरु छुट्टिदिनुपर्ने, चुनावकै लागि खिलराजहरु आइदिएर नपुगी सुशीलाहरु आइदिनुपर्ने अनि देशको ठेक्कापट्टा भने दलहरूले नै गर्नुपर्ने, यो हदसम्मको राजनीतिले देश उँभो लाग्ला ? पटक्कै विश्वास छैन । त्यसैले अब चुनाव अपरिहार्य छ । निर्वाचनकै प्रतीक्षामा छ यतिखेर मुलुक ।

चुनावी सरकार चुनावतिर लागेको छ, सरकारको सम्बोधन नै अन्तरिमबाहेक केही आएको छैन । बाटाहरु फरक छन्, दलहरु मारमुग्रीतिरै छन्, कांग्रेसको विशेष महाधिवेशनले पुराना राजनीतिकर्मीहरु डराउन पनि थालेका छन्, पुरानो विरासतमा धक्का लाग्ने देखेर ।

पृथ्वीपथ देशले छोड्न नहुने बाटो थियो, कतै नेतृत्वको घैँटामा घाम लाग्यो भने देश सुध्रने झीनो आशा अझै छ । पृथ्वी जयन्तीमा देखिएको उत्साहले पनि इंगित गरेकै हो, अस्तितिर । देशले बिर्सेको विरासततिर पनि फर्कनुपर्छ कि जस्तो भइसकेको छ । सञ्चारमन्त्रीले हरेक दिन भन्ने गरेका छन्- देश चुनावमय भइसक्यो । साँच्चै फागुन २१ त ढोकैमा आइसकेको छ । देश हिजो पनि चुनावमय नै थियो, अस्ति पनि र भोलि पनि रहनेछ । तर कुलमानहरु फूलमान हुन थाले, पछिल्लो पुस्तामा पनि खट्पट सुरु भयो । सत्ताको भोक-तिर्खा कति प्यारो छ, यसबाट स्पष्ट हुन्छ ।

निवर्तमान गृहमन्त्री छानबिन आयोगसम्म पुगे, माउवालालाई होम डेलिभरी नै भयो, अर्थात् श्रीहरुलाई कसैले छुन पाउँदैन, लोकतन्त्रमा भएको प्रगति यही नै हो । अपराध लुकाउने काममा माहिर छन् पुराना पुस्ता सबैजसो । यो जनताले बुझेका छन् र आउने मतपत्र कसरी सुरक्षित राख्छन् ? हेर्न बाँकी छ ।

बहत्तरपछिको संविधान जुक्तिले जोगियो रे ! चौहत्तरले के दियो र उनासी वा बयासीले दिने के ? अर्लिइलेक्सन मात्रै देशले धान्छ कसरी ? भाद्रको जेनजी विद्रोहपछि आउने फागुनमा आम निर्वाचन भनिएको छ र यसपछि कहिले हुने त्यो अनिश्चय छ । श्री ३ हरुलाई मिलाइदिने काम पुरानो विरासत शीतल निवासले गरेको छ, गुण्डु र बालवाटारको संयोगपछि अधिकांश नियुक्तिलाई गुण्डु साथ रहेको केही अनुभवीहरुले पंक्तिकारलाई खुलेरै बयान दिएका छन् । रास्वपाहरुको दम्दार तयारी छ, बालेन खुलेर आए, कुलमान बिच्किए, नबिच्किएका थिए भने श्री ३ हरुसँग पौँठा जोड्न यिनले सक्ने थिए, अबको परिणाम पहिलेको जस्तो छासमिसे हुने भयो । बालेनहरु त पुरानालाई घुँडा टेकाउने पक्षमा छन् । बालेनका सुरक्षाकर्मी पनि चुनाव लड्ने र महानगरमा रविको विरासतको होहल्ला आइरहेको छ देशैभरि ।

गठजोडले देश नराम्ररी थलिएको हो । गरिब देशमा राजनीतिको यति ठूलो चमत्कार आवश्यक हो कि होइन, बहस आवश्यक छ । लोकतन्त्रको आदर्श निर्वाचन हो । सही, राम्रा र योग्य जनप्रतिनिधि छान्ने अवसर प्राप्त हुनु राम्रो हो । तर हाम्रो सन्दर्भमा निर्वाचन जनताका लागि कष्टकर भइरहेको छ, पछुतो भइरहेको छ । मतदाता निर्वाचनको एकदिन मात्र शासक बन्ने तर बाँकी दिन शासित हुनुपर्ने अवस्था छ ।

दलहरुले मिसन चौरासी भने अघिल्लो उनासीको लगत्तै, तर मिसन चौरासीमा पुग्नुअघि नै बयासीमै चुनाव हुने भयो, अहिलेसम्मको तयारी यही हो । यद्यपि ठूला, मेजर विषयमा जनमत संग्रहमा जानुपर्ने प्रश्न उठिरहेको छ, धेरै इस्यूहरु विवादित नै छन् । कोशी प्रदेशले आफ्नो अनुहार देखाउन सकेको छैन, मधेस प्रदेश झन् बेहालमा छ, देश चिर्ने कि चिन्ने, कसका लागि हो देश, किन जनशक्ति यहाँ टिकेनन् ? खोइ जमर्को कसले गरेको छ ? यता फागुन त चिसो मौसम, हिमाली क्षेत्रमा के गर्ने ? प्रश्न पनि आएको छ ।

लोकतन्त्रले अधिक जनता खाडी पठाए पनि बयासीमा हुने निर्वाचनमा मतदाता संख्या भने बढेको छ । ०७९ को आम निर्वाचनमा जम्मा मतदाता संख्या १ करोड ७९ लाख ८८ हजार ५७० थिए भने निर्वाचन आयोगले दिएको पछिल्लो विवरणमा यसपालिको मतदाता संख्या १ करोड ८८ लाख २५ हजार ६६४ पुगेको छ । फागुन २० सम्म १८ वर्ष पुग्नेले मतदान गर्न पाउनेछन् । यसपालिको जेनजी आन्दोलनपछि तुरुन्तै आम निर्वाचन गर्ने राज्यको तयारी हो । यसअघि छानिएका जनप्रतिनिधिहरुले अब फेरि जनतामाझ जाने हिम्मत नगर्दा राम्रो हुन्छ, माउसंस्था नै ढलेकाले ।

निर्वाचन आयोगले केही आचारसंहिता जारी गरेको छ, सभामुख पनि औपचारिक रुपमा बाहिरिएनन्, उपसभामुख मात्रै बाहिरिएको अवस्था छ, अदालतको आशा पनि छ कतिपयमा । राजनीतिक दलसम्बन्धी ऐन २०७३ अनुसार आयोगले जारी गरेको आचारसंहितामा खासगरी उम्मेदवार दिँदा दलहरुले ३३ प्रतिशत महिलाकै दिनुपर्ने प्रत्यक्षतर्फ र आउने सन् २०३० सम्म यो ४० प्रतिशतमा उकाल्नुपर्ने नीति तय भएको छ ।

यसमा समावेशी कोटा सुनिश्चित हुनुपर्नेछ । निर्वाचन घोषणापत्रमा र चुनाव प्रचारप्रसार गर्दा कुनै जातजाति, धर्म, सम्प्रदाय, लिंगमा खलल पुग्न नहुने, कसैको चरित्र हत्या गर्न नहुने, कसैलाई धम्की गर्न नहुने, अरुको कमजोरी, अरुलाई विभेद गर्ने खालको, आत्मसम्मानमा ठेस पुग्ने खालको हुन नहुने, भ्रामक सूचना प्रवाह गर्न नहुने, मतदानको महत्व झल्कनुपर्ने, भाषा, क्षेत्र भौगोलिक अखण्डता, राष्ट्रियताका विषयमा संवेदनशील हुनुपर्ने, बालबालिकाको प्रयोग हुनु नहुने, कार्यक्रमहरु राख्दा एक दलले अर्को दललाई बाधा, निषेध गर्न नपाइने, अलोकतान्त्रिक कुनै पनि व्यहोरा दर्शाउन नपाइनेजस्ता आदर्शहरु अपनाउनुपर्ने निर्देशन जारी गरेको छ । आचारसंहिता इमानदारिताका साथ कार्यान्वयन हुनु/गर्नु कुनै पनि दल वा व्यक्तिको धर्म नै हो, जसले स्वच्छ प्रतिस्पर्धामा सहयोग गर्छ । गैरलोकतान्त्रिक चरित्रले हत्या, हिंसा, अराजकता, चुनावी वातावरण बिग्रने, बुथ क्याप्चर हुने, चुनाव नै रद्द हुनुपर्ने अवस्था पनि विगतमा देखिएकै हो ।

देशमा गरिबी छ, चुनावप्रति खुलेर लाग्न सकिरहेको अवस्था छैन अहिले । जुन जोगी आए पनि कान चिरिएको भन्ने उखानले सार्थकता पाएको अवस्था छ । जनप्रतिनिधिहरुले मतदाताको हित बिर्सेका, राज्य दोहनमा सिपालु भएका, करको मार बढेको, महँगीको त्रास थपिएको, संसदीय प्रणाली आफैँमा बढी खर्चिलो भएको उम्मेदवारीकै लागि ठूलो लगानी गर्नुपरेको, चुनाव धेरै महँगो हुँदै आएको, कमाउ धन्दामा लाग्नुपरेको र कतिपय केसहरु जनप्रतिनिधिहरुलाई अख्तियारले डाम्दै विशेषलगायतमा मुद्दा दर्ता गर्नुपरेको विषय पनि आम मतदातालाई जानकारी छ ।

सबैभन्दा राम्रा भनिएका अर्थ समितिका सभापतिको समेत हालत खराव भई अख्तियारले मुद्दा दर्ता गरेको छ । सुशासनको सख्त अभाव, बेरुजुको चाङ, अपारदर्शी दलहरुको व्यवहार, जिम्मेवारीबोध नभएको, भ्रष्टाचार बढी मौलाएकै कारण गत भाद्र २३ र २४ को जेन्जी आन्दोलन भएको थियो, जसले देशको केन्द्रीय निकाय सिंहदरबार मात्रै नभएर धेरै संयन्त्रहरु सखापै भए । प्रधानमन्त्री नै भाग्नुपर्ने अवस्था आई एकाएक चुनावी समय आएको र ठूला-ठूला दलहरु मिलेर बनेको सरकार ढलेको हो र प्रतिनिधिसभा पंगु भएको हो । भुकुटीमण्डपको महाधिवेशनमा व्यापारी खर्च प्रायोजन भनिएको अवस्था भृकुटीमण्डपबाटै फर्कंदा एक प्रतिनिधिले पंक्तिकारलाई बताए, व्यापारीहरुले पछि सुरक्षित अवतरण गर्न यसो गर्ने गरेका थिए पहिले पनि ।

मासु-भातमा मतदाताको रुचि पनि देखिएको र चुनावको मौन अवधिमा घरघरै देखभेट भएको अतीत पनि सुरक्षित रहेको अनि घोषणापत्रका कुनै बुँदाहरुप्रति पनि दलहरु गम्भीर नभएको पुरानो यथार्थ रहेको छ । बुढ्यौली भत्ता रु. ५ हजार भने तर गरेनन्, उल्टै उमेर बढाइदिए ६८ बाट ७० मा, रासायिनक मल कारखाना खोल्ने भने ५२ सालकै चुनावी घोषणापत्रमा तर गरेनन् । महँगी नियन्त्रण त दलको हातमै थिएन होला तर दलहरुले सुशासनको नारा व्यर्थमा खर्चिए, कार्य गरेनन्, जनता बिर्सिए घरदैलो पुगेनन् । उनीहरुले बनाएको सिंहदरबार सिंहको नङ्गा मात्र गाउँ चिथोर्न गयो, दरबार यतै खुमल्टार, बूढानीलकण्ठ, बालकोट, च्यासलतिरै बसिरह्यो र अहिले तिनको डेरा सराइ भएको छ ।

चुनावको आलिसान भैँसेपाटी महल पनि भत्किएको र संसद् भवन नै जलेको अवस्थामा अब बनेको सिंहदरबारको संसद् भवन पनि भावी दिनसम्म सुरक्षित राख्ने गरी दलहरुले काम गर्न सके मात्र लोकतन्त्रकै भविष्य बाँकी रहला, अन्यथा सधैँको लोभतन्त्रले नै विजय पायो भने देशको अखण्डता र राष्ट्रियतामै प्रश्न आउन सक्ने हुँदा आम मतदाताहरु पनि अब त अलि चनाखो हुनुपर्छ, अन्यथा देशले श्राप गर्नेछ सबैलाई ।

यसै पनि आधाआधी मात्र मत खस्ने हाम्रो अतीत छ, विदेशमा रहनेहरुले यसपालि पनि मताधिकार पाउने अवस्था बनेको छैन, धेरै माग भएको नो भोटको अधिकार पनि सुरक्षित भएन । अतः केवल आचारसंहिता जारी गरेर मात्र आयोग उम्कन पाउँदैन । त्यसको निगरानी संयन्त्र के हुने र संहिता पालन नगर्ने ठूलाहरुलाई यसअघि के कारबाही भयो ? सो पनि विवरण आउन सके मतदाताहरु पनि हर्षित हुन सक्थे ।

गुण्डु मूल पात्रको गर्जन छ । अर्ली-महाधिवेशनबाट विजेता बनेका छन्, केही आयातीत पाहुनाहरुको पनि वर्चश्व रहेको छ, दलमा । कार्यकर्ता बेस दलमा नेता विजयी हुनु सामान्य कुरो हो, लोकतान्त्रिक चरित्र देखाउनैका लागि प्रतिस्पर्धी वातावरण बनाइएको थियो सल्लाहले र तेब्बर मतले जित्ने आँकलन पहिले नै थियो, जिते राम्रो भयो तर शालीनता देखिएन । अहंकार र हुंकारको बाढी आएको छ । देश फेरि अर्को खतरामा जाने संकेत भएको छ । घरभित्र स्याल पनि बाघ हुन्छ, आफ्नै घर भत्काएर खरानीको टीका लगाउँदै हिँडिएको अवस्था हो पहिले ।

कहाँ छन् आफ्ना अग्रज, कहाँ छन् आफ्ना पूर्वजहरु ? कांग्रेसका पूर्वज बीपीलाई छोडे कांग्रेसीहरुले । त्यस्तै गरी छोडे कम्युनिस्टहरुले पनि, बिर्सिए कम्युनिस्टका पूर्वज मनमोहनहरु । बीपी र केपीको तुलना नहोला, सुराही बोकेर बालुवाटार छिर्ने र निस्कने अर्का केपी र देशकै लागि मरिहत्ते गर्ने गणेशमानहरु पनि थिए होलान् देशमा । आन्दोलन गरे तिनले तर सत्तामा गएनन्, गएर पनि धेरै नै बिगार गरेनन्, तर देशमा धेरै बिगार गर्ने काम केपीहरुकै पालामा भएको छ ।

सिंहदरबार नै बचेन, भ्रष्टाचारको ताँती लागेको छ । भाद्रको छानबिन आयोग बन्यो, अधिवेशनको मौका दिएर आयोगले आफ्नो समयावधि नै थप्यो, मूल पात्रहरुलाई छुन सकेन । मानौँ लोकतन्त्र देखाउनका लागि हो र यसको पर्याय भनेको ह्वीप नै हो, र त संसदमा पनि पटक-पटक ह्वीप लागेको थियो । नसकेपछि कोमामा कतिपल्ट यसलाई धकेलिएको थियो । दुई तिहाइदेखि कुनै पनि सरकार स्थिर नहुनु सात सालदेखिकै देशको विडम्बना हो ।

दल र कार्यकर्ताहरु मोटाउने, देश दुब्लाउने हाम्रो लेकतन्त्रको आदर्श छ । देश नेताकै मात्र हो भने बिच-बिचमा किन ढलेको र सत्यानाश नै हुने गरी ढल्दा, भाग्दा, जल्दा पनि चेत किन नखुलेको ? खाडीबाट लासहरु आएकै छन्, यहाँका उद्योगधन्दाहरु निमोठिँदै छन्, राजनीतिक उद्योग मात्रै फस्टाएको छ, रोजगारीको अभाव छ, पैसा थन्किएर आइडल बसेको छ, भोलि त्यसको भ्यालु जिरोमा जान सक्छ । विकास खर्च भएकै छैन, अर्थ र विकासविद्हरुलाई झोला बोक्दै ठिक्क छ ।

विश्वविद्यालयहरु राजनीतिमुक्त हुने प्रयासका लागि महावीरहरु देखिनुपर्ने, चुनावकै लागि रविहरु छुट्टिदिनुपर्ने, चुनावकै लागि खिलराजहरु आइदिएर नपुगी सुशीलाहरु आइदिनुपर्ने अनि देशको ठेक्कापट्टा भने दलहरुले नै गर्नुपर्ने, यो हदसम्मको राजनीतिले देश उँभो लाग्ला ? पटक्कै विश्वास छैन । त्यसैले अब चुनाव अपरिहार्य छ । निर्वाचनकै प्रतीक्षामा छ, यतिखेर मुलुक ।

समाचारपत्रबाट

# नरिवल पानीका फाइदै फाइदा

नरिवल पानी जैविक रुपमा स्वस्थ र सफा पेय पर्दाथ हो । हामीले दैनिक खाने नरिवल फलफूल परिवारअन्तर्गत पर्ने महत्वर्पूण फल हो । पोषणयुक्त यस फल स्वास्थ्यको पर्यावाची नै बनेको छ । यो शत प्रतिशत स्वस्थ र संक्रमणमुक्त हुन्छ । यसमा ९४ प्रतिशत पानी हुनुका साथै क्यालोरीको मात्रा पनि न्यून हुन्छ । शून्य कोलेस्ट्रोल यो पानी अत्यन्तै स्वस्थ र भिटामिनहरुले भरिपूर्ण पेय पर्दाथ हो । यसमा भिटामिन बी र एमिनो एसिड पर्याप्त मात्रामा पाइन्छ । त्यस्तै, पोटासियम र म्याग्नेसियमयुक्त नरिवल पानीको फाइदा हामीहरुले सोचेभन्दा बढी फाइदा छ ।

मुटुका लागि उत्तम मानिने नरिवल र यसको पानी केवल तिर्खा मेट्ने माध्यम मात्र होइन् । एक अध्ययन अनुसार नरिवल पानीले हृदय घातको खतरालाई न्यून गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नरिवलमा हुने उच्च मात्राको पोटासियमले शरीरमा अनावश्यक तरल पदार्थलाई फाल्न सहयोग पुऱ्याउनुका साथै हाइपरटेन्सनको खतरालाई घटाउछ । नियमित एक गिलास नरिवल पानी खाँदा मुटु रोग र ह्दयघातको खतरा न्यून हुन्छ ।



**किड्नी स्टोनको खतरा घटाउँछ**

नियमित नरिवल पानी पिउदा किड्नी स्टोनको खतराबाट बचाउँछ । यसमा हुने पोटासियम र म्याग्नेसियमले पिसाबको प्रवाहलाई वृद्धि गरी शरीरमा अत्यधिक पानी हुने समस्याबाट बचाउँछ । यदि तपाईंलाई किड्नीको स्टोन छ भने पनि पिसाबको प्रवाहलाई तीव्र पारेर यस रोगबाट मुक्ति मिल्न समेत सहयोग मिल्छ ।

**पखलाको उपचार**

तपाईंलाई पखला लागेको छ ? यदि हो भने नरिवल पानी अचूक औषधी हो । नरिवल पानीले तपाईंको शरीरबाट खेरा गइरहेको पानीको मात्रलाई पूर्ती मात्र गर्दैन इलेक्ट्रोलाइट र खनिज पनि प्रदान गर्छ । शरीरभित्र भएका अनवाश्यक हानीकारक विषहरुलाई यसले बाहिर फालिदिन्छ । नरिवल पानी प्राकृतिक रुपमा नै सवल हुन्छ । हाम्रो शरीरमा आवश्यक पर्ने इलेक्ट्रोलाइट तह नरिवललमा पाइन्छ ।

**गर्मीमा शरीरलाई शितलता दिन्छ**

गर्मीमा हुने तिक्षण तापक्रम र त्यसपछि पसिनाले शरीर सजिलै सुख्खा हुन्छ । गर्मी भइरहेको बेला शरीरलाई आनन्द दिनका लागि नरिवल पानीभन्दा अर्को कुनै हुन सक्दैन् । कार्बोहाइड र सुगरको मात्रा न्यून तथा पर्याप्त इलेक्ट्रोलाइट्सयुक्त यो निकै ताजा पेय पर्दाथ हो ।

**व्यायामपछि पिउँदा फूर्तीलो र तन्दुरुस्ती बढाउँछ**

ठूलो शारीरिक बल प्रयोग गर्ने काम गर्दा र व्यायामको क्रममा डिहाइड्रेडको सम्भावना हुन्छ । यस्तो अवस्थामा नरिवल पानी महत्वपूर्ण पेय पर्दाथ हुन सक्छ ।

व्यायामपपछिको डिहाइड्रेसनबाट बच्नका लागि पनि यसको महत्व छ । यसमा क्यालोरिको मात्रा न्यून तथा पोटासको मात्रा उच्च भएकोले शरीरबाट खेरा गइरहेको झोललाई पूर्ति गर्नका लागि पनि यसको महत्व छ ।

**छालामा चमकपन बढाउँछ, निखारता ल्याउँछ**

भद्दा छालालाई चमक बनाउने इच्छा कसको हुँदैन र ? निश्चय नै ताजा नरिवल पानीको सेवनले छाला नरम बनाउनुको साथै धपक्क चमक ल्याइदिन्छ । त्यस्तै हात र अनुहारमा दिनको दुई पटक यसको प्रयोग गर्दा अत्यधिक फाइदा भएको पुष्टि भइसकेको छ । नरिवल पानीमा हुने काइटोकिनिस नाम गरेको तत्वले हाम्रो शरीरको कोषलाई सशक्त बनाउनुका साथै चाउरी र वृद्ध हुनबाट बचाउँछ ।

**गर्भवतीसँग सम्बन्धित समस्याबाट मुक्ति**

नरिवल पानी स्वभाविक रुपमा स्वस्थ र संक्रमणरहित हुनाले गर्भावस्थामा यसलाई पिउदा सुरक्षित मानिन्छ । गर्भाधारणका क्रममा हुने वाकवाकी, अम्लियपन, र मुटु तथा घाँटी पोल्ने समस्याबाट पनि मुक्ति मिल्छ । त्यस्तै गर्भवतीले नियमित नरिवल र यसको पानी खाँदा पेटभित्रको शिशु निकै स्वस्थ हुने चिकित्सकहरुले बताउने गरेका छन् ।

एजेन्सी

# महिला तथा बालिकामाथि हुने हिंसाविरुद्ध नीति निर्माण गर्दै स्थानीय तह




नेपालगञ्ज । बाँकेका दुई स्थानीय तहले महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि नीति निर्माणको तयारी गरेका गरेका छन् । महिला तथा बालवालिकाविरुद्ध हुने हिंसा सम्बोधनका लागि सोमबार यहाँ पत्रकारसँगको छलफलमा ती स्थानीय तहले हिंसाविरुद्धको नीति तयार गरिरहेको जानकारी गराएका हुन् ।

नेपालगञ्ज उप-महानगरपालिकाका महिला विकास शाखा प्रमुख पवित्रा गिरीले स्थानीय तहले निर्माण गरेको नीतिको मस्यौदा नेपालगञ्ज उप-महानगरपालिकाको कार्यपालिकालाई केही दिनमा नै हस्तान्तरण गर्ने तयारी भइरहेको उल्लेख गर्दै यसबाट महिलामाथि हुने यौनजन्य दुर्व्यहार कम हुने विश्वास व्यक्त गरिन् । उनले लैङ्गिक समानताका आधारमा व्यवहार रुपान्तरण गर्न समेत यौन दुर्व्यहार निवारण आचारसंहिताले सघाउ पुऱ्याउनेमा जोड दिँदै यसलाई कार्यपालिका बैठकबाट पास गरेर चाँडै लागू गरिने जानकारी दिइन् ।

जानकी गाउँपालिकाले महिलामाथि हुने हिंसा निवारणका लागि स्थानीय रूपमा 'हेल्प डेस्क' स्थापना गरेको छ । पीडित महिलालाई न्यायमा पहुँच वृद्धि गर्न संयन्त्रको विकास गर्न पालिकाले थालेको हो ।

महिला र कानुन विकास मञ्चका कार्यकारी अधिकृत सविन श्रेष्ठले पीडित महिलाका लागि हिंसा निवारण हुने कानुन सबै स्थानीय तहले निर्माण गर्नुपर्ने बताए । उनले बाँकेबाहेक बर्दियामा पनि कानुन निर्माण गरेर स्थानीय तहले महिला हिंसाविरुद्ध काम गरेको उल्लेख गरे ।

वरिष्ठ अधिवक्ता सुनिल श्रेष्ठले महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्यमा जोड दिँदै कतिपय वैवाहिक बलत्कारका मुद्दा पनि बाँकेमा आएको जानकारी दिए । सो कार्यक्रममा बर्दियाको बढैयाताल गाउँपालिकाका अध्यक्ष हिमालय त्रिपाठी, बाँकेको खजुरा गाउँपालिकाका उपप्रमुख मञ्जु मल्ललगायतले महिलामाथि हुने हिंसा अन्त्यका लागि स्थानीय तह चनाखो भएको बताएका थिए ।

महिला तथा बालिकाविरुद्ध हुने हिंसा प्रभावित महिला तथा बालिकालाई छिटो, छरितो र प्रभावकारी रुपले मनोसामाजिक परामर्श सेवा, सुरक्षा र संरक्षण, चिकित्सा सेवा एवं सहायता तथा कानुनी सेवा, सीपमूलक तालिम तथा आयआर्जनमा सहयोग, शिक्षामा सहयोग, दुर्व्यसनी पुनःस्थापनाका साथै पारिवारिक तथा सामाजिक पुनः मिलन, पुनः एकीकरणमा सहयोग पुऱ्याउनका लागि स्थानीय तहले कार्यविधि, निर्देशिका र कानुन निर्माण गरेको जनाएका छन् ।

महिला, कानुन र विकास मञ्च काठमाडौँको सहयोगमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगञ्जको प्राविधिक सहयोगमा कार्यविधि मस्यौदा तयार गरिएको अनुसन्धान केन्द्रका अध्यक्ष विश्वजित तिवारीले जानकारी दिए । बाँकेका तीन र बर्दियाको एक स्थानीय तहले उक्त कार्यविधिलाई बोर्ड बैठकबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ । बाँकेको नेपालगन्ज उपमहानगरपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका र बर्दियाको बढैयाताल गाउँपालिकामा यससम्बन्धी कानुन निर्माण भएका छन् ।

# प्रदेशका २६ सहकारीको दर्ता खारेजी




वालिङ । सहकारी रजिष्ट्रार कार्यालय पोखराले निष्क्रिय रहेका २६ सहकारीको दर्ता खारेज गरेको छ ।

कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा १३ र चालु आर्थिक वर्षको गत पुससम्म १३ गरी कूल २६ सहकारी संस्थाको दर्ता खारेज गरेको हो ।

दर्ता भएर सञ्चालनमा नरहेका अथवा दुई वर्षभन्दा बढी निष्क्रिय रहेका, लेखा परीक्षण नगरेका, साधारणसभा नगरेका, आर्थिक कारोबार नभएका र अब सञ्चालन हुन सक्ने स्थिति नभएका सहकारीको दर्ता खारेजी गरिएको सहकारी रजिष्ट्रार कार्यालय पोखराका रजिष्ट्रार भेषराज रिजालले बताए ।

कार्यालयले स्याङ्जा, गोरखा, तनहुँ, कास्की, म्याग्दी, लमजुङ, बागलुङ र पर्वतका निष्क्रिय सहकारीको दर्ता खारेज गरेको हो । दर्ता खारेज हुनेमा सबैभन्दा धेरै सहकारी स्याङ्जा जिल्लाका रहेका छन् । स्याङ्जामा आठ सहकारीको दर्ता खारेज भएको छ ।

स्याङ्जाका आठ वटै सहकारी चालु आर्थिक वर्षमा दर्ता खारेज भएको उनले जानकारी दिए ।

सहकारी रजिष्ट्रार रिजालका अनुसार गोरखामा ६, तनहुँमा ४, कास्कीमा ३, म्याग्दीमा २, लमजुङ, बागलुङ र पर्वतमा समान एक/एकवटा सहकारीको दर्ता खारेज भएको हो ।

दर्ता खारेज हुने सहकारीमा बहुउद्देश्यीय, बचत तथा ऋण, कृषि, उपभोक्ता, सूचना तथा सञ्चार, विद्युत्, मौरीपालन, अदुवा उत्पादनका क्षेत्रमा काम गर्ने उद्देश्यसहित स्थापना गरिएका सहकारी छन् ।

"सहकारीको दर्ता खारेजका लागि सात वटाको प्रक्रिया पूरा भएको छ" उनले भने-"बाँकी १० सहकारी दर्ता खारेजीको थप प्रक्रियामा रहेका छन्, दर्ता खारेज हुने क्रम अझै बढ्छ ।"

सहकारी रजिष्ट्रार कार्यालय पोखरामा हाल ८९० वटा सहकारी रहेका छन् ।

यसमध्ये ५८८ सहकारी अद्यावधिक भएर सञ्चालनमा छन् । ३०२ सहकारी निष्क्रिय छन् ।

सहकारीसँग जोडिएका विभिन्न विषयगत सङ्घ तथा सहकारी संस्था निष्क्रिय रहेका हुन् । ती निष्क्रिय रहेका सङ्घ तथा सहकारीमध्ये जिल्लामा मात्रै सङ्घ तथा संस्था गरी ५० निष्क्रिय छन् ।

## यस वर्ष धान उत्पादनमा ४ प्रतिशतले कमी हुने

बुटवल । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यसवर्ष धान उत्पादनमा गत वर्षको तुलनामा दुई लाख ५० हजार ३५० मेट्रिकटन कमी हुने जनाएको छ ।

मन्त्रालयले देशभर धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी आएका कारण यसवर्ष ५७ लाख पाँच हजार १२६ मेट्रिकटन धान उत्पादन हुने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन उत्पादन भएको थियो । गत वर्षको तुलनामा धान उत्पादनमा ४.२० प्रतिशतले कमी आएको हो ।

आर्थिक वर्ष २०८१/८२ मा धान बाली भित्र्याइएको कूल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेकोमा चालु आवमा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम छ । मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार उत्पादकत्व गत आवमा ४.१९ मेट्रिकटनप्रति हेक्टर रहेको थियो ।

युवा पलायन, बसाईसराइ फलफूल तथा नगदेबालीको क्षेत्रफलमा भएको वृद्धि, तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानखेतीको क्षेत्रफलमा केही कमी आएको छ ।

मधेस प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो । चालु आर्थिक वर्षमा उन्नत बिउबिजन र मलखादको पर्यास उपलब्धता हुँदाहुँदै प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको सूचना अधिकारी जोशीले जानकारी दिए ।


## Malika Rural Municipality

Arkhawang, Gulmi

## Invitation for Bids

**Date of publication: 20 January, 2026**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of worksas specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   Information to deposit the cost of Bidding Document in Bank:
   Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi.
   Name of Bank: Global IME Bank Ltd. (Branch of MalikaGulmi)
   Office Account No: 36004010000006
   Account Name: Ga-1.1 AntarikRajaswoKhata (Malika Ga. Pa.)
3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang,
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (StaniyaTahaDharautiKhata (malikaga pa), A/CNo.: 36004010000004) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9857067906,9851129149,within office time. The name, identification number and other details of the contracts are as follows:

| S. N. | Contract Name | Identification No. | Estimated Amount exclusive of VAT | Bid Document Fee (NRS) | Bid Security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Athiti Griha Boundary Wall | OMRM-GUL-W-SQ-40-2082/083 | - | 1,000 | 31,000 | 04-02-2026 12:00 | 04-02-2026 13:00 | Online |
| 2 | Construction of Fulbari-Chisapani-NistiKhola-Deurali Bhimgithe Road P-2 | OMRM-GUL-W-NCB-41-2082/083 | 4,918,734.00 | 3,000 | 140,000 | 20-02-2026 12:00 | 20-02-2026 13:00 | Online |

**Chief Administrative Officer**



## शुद्धोदन गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**शुद्धोदन गाउँपालिका वडा नं। ६ र ७ को क्षेत्राधिकारभित्र बहने दानब नदीका विभिन्न बगर क्षेत्रबाट नदीजन्य पदार्थ व्यवस्थापन कार्य सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/१०/०६)

**लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलःsuddhodhanrmun@gmail.com,<br>वेबसाईटः https://suddhodhanmunrupandehi.gov.np/<br>फोन नं.: ०७१-४२३०४० |
| प्रस्तावको व्यहोरा | शुद्धोदन गाउँपालिका वडा नं. ६ र ७ क्षेत्राधिकारभित्र बहने दानब नदीका गुरौली भैरहवा घाट, धनौर घाट, सिसवा घाट, बोहरवा घाट र मधुवनी घाट बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा नदिजन्य पदार्थको व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिका वडा नं. ६ र वडा नं. ७ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न शुद्धोदन गाउँपालिका ६ र ७ नं वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री शुद्धोदन गाउँपालिका, मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>suddhodhanrmun@gmail.com, फोन नं. ०७१-४२३०४० |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनियरिंग कन्सल्टेन्ट एण्ड बिल्डर्स, तिलोत्तमा-०५<br>uecb2017@gmail.com, फोन नं. ९८६७१८९०५१ |



## सैनामेना नगरपालिका वडा नं ११ अन्तर्गत कञ्चन खोलाको विभिन्न घाट क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२-१०-०६**

रुपन्देही जिल्लाको सैनामैना नगरपालिका वडा नं ११ अन्तर्गत कञ्चन खोलाको विभिन्न घाटक्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन कार्य गर्ने प्रारम्भिक वातावरणीय परीक्षण भई रहेको जानकारी गराईन्छ । प्रस्ताव कार्यान्वयन हुने नदी र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | प्रस्तावको नाम | प्रभावित हुन सक्ने क्षेत्रहरु |
|---|---|---|
| १. | सैनामैना नगरपालिका वडा नं ११ अन्तर्गत कञ्चन खोलाको विभिन्न घाटक्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन कार्य | सैनामेना नगरपालिका वडा नं. ११ का नदी किनार छेउका बस्ती तथा सम्पदाहरु । |

उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा यस प्रस्तावको कार्यान्वयनबाट स्थानीय क्षेत्रको जैविक, सामाजिक तथा सांस्कृतिक प्रणालीहरु र यिनका अवयहरु बीचको अन्तरक्रिया र अन्तर सम्बन्धमा पर्न सक्ने प्रभावहरु एकिन गरी प्रारम्भिक वातावरणिय परीक्षण गर्नु पर्ने भएका छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्बन्धित सरोकारवालाहरुले आफ्नो राय सुझाव यस नगरपालिकाको कार्यालयमा लिखित एवम् ईमेल मार्फत पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| **परामर्शदाताः** | **प्रस्तावकः** |
|---|---|
| हात्तेमालो ईन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि.<br>ठेगानाः बुटवल, रुपन्देही<br>सम्पर्क नः ९८५११३५६३१ | सैनामेना नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः बुद्धनगर, सैनामैना<br>सम्पर्क नः ०७१-५९२३५७ |



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



निर्वाचन प्रहरी भर्ना तयारी गरिँदैः

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि महोत्तरीको सदरमुकामस्थित रङ्गशालामा निर्वाचन प्रहरी भर्नाको लागि तयारी गरिँदै । महोत्तरीमा ३ हजार ९१२ निर्वाचन प्रहरी भर्ना गर्नुपर्नेमा १० हजार बढीले आवेदन दिएका छन् । तस्विरः सञ्जीतकुमार मण्डल/रासस

# भैरहवामा एमजीको 'आइएम सिक्स' बिक्री सुरु



भैरहवा । रुपन्देहीको भैरहवामा एमजीको प्रिमियम इलेक्ट्रिक एसयूभी 'आईएम सिक्स' सार्वजनिक भएसँगै बिक्री शुभारम्भ भएको छ ।

एमजी गाडीको आधिकारिक वितरक पारामाउन्ट मोटर्समार्फत् भैरहवाका लागि श्री एच एल प्रालिबाट बिक्री सुरु भएको हो । नेपालको पहिलो इन्टेलिजेन्ट प्रिमियम इलेक्ट्रिक अर्बन एसयूभीको सार्वजनिकसँगै पहिलो ग्राहकको रुपमा होटल मौर्यका सञ्चालक रामबहादुर कोइरीले गाडी खरिद गरेका हुन् ।

७४ लाख ९९ हजार रुपैयाँ तोकिएका नयाँ प्रिमियम इलेक्ट्रिक एसयूभी 'आइएम सिक्स' आइएम (इन्टेलिजेन्स इन मोसन) एमजीको प्यारेन्ट कम्पनी साइक मोटरअन्तर्गतको एक प्रिमियम विद्युतीय सवारी ब्रान्ड हो । प्रविधि, आकर्षक डिजाइन र उत्कृष्ट प्रदर्शनको संयोजनका रूपमा कम्पनीले प्रस्तुत गरेको छ ।

अत्याधुनिक डिजाइन, बौद्धिक सुविधाहरू, अत्याधुनिक नयाँ प्रविधि, आकर्षक डिजाइन र उत्कृष्ट प्रदर्शनको संयोजनले ड्राइभिङ अनुभवका साथ, आइएम ६ ले नेपालको इभी बजारमा नयाँ मापदण्ड स्थापित गरेको छ ।

एमजी आइएम सिक्समा ७५ किलोवाट आवर क्षमताको ब्याट्री जडान गरिएको छ । कम्पनीका अनुसार यसले एक पटकको फुल चार्जमा ४५० किलोमिटरको रेन्ज प्रदान गर्दछ । गाडीमा रहेको १०९ किलोवाट क्षमताको मोटरले उत्कृष्ट पावर र टर्क उत्पन्न गर्ने कम्पनीको दाबी छ ।

यो गाडीलाई डीसी फास्ट चार्जरबाट चार्ज गर्दा ३० देखि ८० प्रतिशतसम्म चार्ज हुन केवल २० मिनेट लाग्ने बताइएको छ । यसले १५३ किलोवाटसम्मको डीसी चार्जिङ सपोर्ट गर्छ । साथै, गाडीसँगै ७ किलोवाटको वाल-माउन्ट चार्जर पनि उपलब्ध गराइनेछ ।

कम्पनीका अनुसार गाडीमा रहेको फोर-ह्विल स्टेरिङ सिस्टमले साँघुरो ठाउँमा गाडी मोड्न र पार्किङ् गर्न सहज बनाउँछ । यसको टर्निङ रेडियस जम्मा ५.०९ मिटर रहेको छ ।

त्यस्तै अटोमेटिक पार्किङ्को सुविधाले चालकलाई पार्किङ्को झन्झटबाट मुक्त गर्छ । साथै ७.१.४ स्पासियल अडियो, २० ओटा स्पिकर र ४ ओटा स्काई स्पिकर भएको यसको साउन्ड सिस्टमले यात्रालाई मनोरञ्जनात्मक बनाउने कम्पनीको विश्वास छ । गाडीका सिटहरू हिटिङ, भेन्टिलेसन र ड्राइभर सिट ब्याक रिल्याक्स जस्ता सुविधाले युक्त छन् ।

नेपाली सडकलाई मध्यनजर गर्दै यसमा १७५ एमएमको ग्राउन्ड क्लियरेन्स दिइएको कम्पनीको भनाइ छ ।

श्री एच एल प्रालिका अध्यक्ष हरिबहादुर थापाले 'आईएम सिक्स' प्रविधि र गुणस्तरको हिसाबले उत्कृष्ट रहेको बताए । 'आईएम साइक मोटरको प्रिमियम ब्रान्ड हो र हामीले एमजीमार्फत् यसलाई प्रस्तुत गरेका छौं । यो केवल इभी मात्र नभई नेपालका लागि स्मार्ट ड्राइभिङको भविष्य हो । हामी बिक्रीपछिको सेवा र स्पेयर पार्ट्सको उपलब्धतामा पूर्णरूपमा तयार छौं । अहिले हामीले विशेष अफरमार्फत् बुकिङ्ग गरिरहेका छौं ।'-उनले भने ।

कम्पनीले ब्याट्रीमा ८ वर्ष वा १ लाख ५० हजार किलोमिटर वारेन्टी दिएको छ । त्यस्तै तीन वर्ष वा १ लाख किलोमिटर र गाडीमा एक वर्षको वारेन्टी दिने बताएको छ ।

# जनकपुरमा रास्वपाको सभा



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मधेश प्रदेशको राजधानी जनकपुरधाममा सभा आयोजना गरेको छ । रास्वपाले यो सभालाई 'परिवर्तन उद्घोष सभा' नाम दिएको छ । सभामा सहभागी हुनका लागि तिरहुतिया गाछीमा आयोजित सभामा सहभागी हुन नजिकका विभिन्न जिल्लाहरूबाट बाक्लो संख्यामा समर्थकहरूको भिड थियो ।

सभाका लागि सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन शाह, उप-सभापति डा. स्वर्णिम वाग्ले, नेताहरू मनिष झा, सोविता गौतमलगायत पुगेका थिए । सोही सभामा मधेशका नेताहरू रहबर अन्सारी र अमरेशकुमार सिंहलगायत रास्वपामा प्रवेश गरेका छन् ।

काठमाडौंको मेयरबाट राजीनामा दिएर जनकपुरमा सम्बोधन गर्न पुगेका बोलेनले मैथिलि भाषामा सम्बोधन गरे । उनको सम्बोधनका क्रममा भिड उत्साहित देखियो । छोटो सम्बोधन गरेका बालेनले काठमाडौंको मेयरका रुपमा धेरै काम गर्न नसकिएको, अब प्रधानमन्त्री बनेर जनताको मुहार फेर्न चाहेको लगायतका भाषण गरे ।

सभापति लामिछानेले भने आफू बालेनसँगको सहकार्यबारे निकै उत्साहित भएको बताए । रविले अब रास्वपा सबैभन्दा धेरै मत ल्याएर ठूलो दल बन्ने बताए ।

# जेनजी पुस्ताका माग सम्बोधन गर्न उम्मेदवारी : विश्वदीप

बुटवल । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले रुपन्देही क्षेत्र नम्बर २ बाट सुवास पाण्डे (विश्वदीप) लाई उम्मेदवार बनाउने निर्णय गरेको छ । पार्टीले टिकट दिने निर्णय गरेपछि विश्वदीपले सोमबार बुटवलमा पत्रकारहरुसँग भेटघाट गरेका छन् ।

नेपाली कम्युनिष्ट पार्टी केन्द्रीय सदस्यसमेत रहेका पाण्डेले जेनजी पुस्ताका मागलाई सम्बोधन गर्ने गरी रुपन्देही क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिएको बताए । उनले गत भदौ २३ र २४ गते जेनजी पुस्ताले उठाएका जायज मागहरु सम्बोधन गर्ने, जेनजी पुस्ताको मागअनुसार काम गर्ने प्रतिबद्धताका साथ पार्टीले उम्मेदवार बनाएको बताए ।

उनले भ्रष्टाचारमुक्त समाज निर्माण गर्न, समाजमा सुशासन, कायम गर्न, अनियमितता, अराजकताको अन्त्य र संविधानको रक्षाका लागि आफ्नो उम्मेदवार रहेको बताउँदै रुपन्देही-२ का जनतालाई मत दिन आग्रह गरेका छन् ।

राजनीतिमा पुस्तान्तरण हुन जरुरी रहेको भन्दै उनले आफू भाषणभन्दा काम गर्ने मान्छे भएको बताएका छन् । 'म काम गर्ने मान्छे हुँ, भाषण होइन, पाण्डेले भने-'चुनावको समयमा विभिन्न सपना बाँड्ने तर, चुनाव जितेर गएपछि काम नगर्ने प्रवृत्तिलाई अन्त्य गर्न यूवा एकजुट हुनुपर्छ ।'

# दुर्गा प्रसाईं फेरि किन पक्राउ परे ?



बुटवल । मेडिकल व्यवसायी दुर्गा प्रसाईं पोखराबाट पक्राउ परेका छन् ।

निर्वाचन बहिष्कारदेखि विभिन्न आन्दोलनको कार्यक्रम घोषणा गरेर सरकारसँग सम्झौतासमेत गरेका प्रसाईंले निर्वाचन आयोगमाथि गम्भीर आरोप लगाउनेदेखि सरकारी वेबसाइड ह्याक गरेर डाटा चोरी गर्नेसम्मको योजना बनाएर रकम लगानी गरेकोसम्म आरोप छ ।

कांग्रेसको विषेश महाधिवेशन पक्षधरले निर्वाचन आयोगलाई ५२ करोड रुपैयाँ दिएको अभिव्यक्ति दिएका प्रसाईंले पैसा लगानी गरेर सरकारी वेबसाइड ह्याक गरेर डाटा चोरी गर्न अपराधको गम्भीर योजना बनाएको अडियोसमेत सार्वजनिक भएको थियो ।

प्रसाईंलाई पक्राउ गरी अनुसन्धान गर्न निर्वाचन आयोगले पत्राचारसमेत गरेको थियो । राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ अभियानका संयोजकसमेत रहेका प्रसाईं सोमबार कार्यक्रमका लागि पोखरा आएका थिए ।

जिल्ला प्रहरी परिसर काठमाडौंको मानिस पक्राउ गरी उपस्थित गराइदिन पठाएको पत्रानुसार कास्की प्रहरीले उनलाई पक्राउ गरेको हो ।

कांग्रेसको विशेष महाधिवेशन पक्षले आयोगलाई ५२ करोड बुझाएर नतिजा आफ्नो पक्षमा पारेको भनेर सार्वजनिक अभिव्यक्ति दिएका थिए । उनले सामाजिक सञ्जालमा पनि यो भिडियो पोस्ट गरेका थिए ।

मेडिकल व्यवसायी प्रसाईंले नागरिक बचाउ अभियानका नाममा देशभर कार्यक्रम गर्दै हिँड्ने गरेका थिए भने पछिल्लो समय राजावादी अभियानमा हिँडिरहेका छन् । राजसंस्था पुनर्स्थापना गर्ने भन्दै आन्दोलनको नेतृत्व गरेका प्रसाईं तीनकुने घटनामा पक्राउ परेका थिए ।

कारागारबाट छुटेपछि जेनजी आन्दोलनका बेला पनि प्रसाईंको भूमिकालाई शंकास्पद ढंगले हेरिएको थियो भने उनलाई आन्दोलनको स्टेकहोल्डर्स भन्दै नेपाली सेनाले वार्तामासमेत बोलाएको थियो ।

जेनजी आन्दोलनको फाइदा उठाउन खोजेका प्रसाईं असफल बनेपछि सुशीला कार्की नेतृत्वको सरकारको विरुद्धमा अभिव्यक्ति दिँदै आइरहेका छन् भने चुनाव बहिस्कार गर्ने भन्दै अभियान चलाइरहेका छन् । पटक-पटक पक्राउ पर्दै छुट्दै गरेका प्रसाईंको अभिव्यक्ति र सरकारी डाटा चोरी गर्ने घटनाले उनी पक्राउ पर्दै फेरि प्रहरी हिरासतमा पुगेका छन् ।

निर्वाचन आयोगले उनलाई कारबाहीको दायरामा ल्याउन भन्दै पत्र काटेपछि प्रसाईंको सरकारी टाढा चोरी गर्ने योजना बुनेको अर्को अडियो पनि सार्वजनिक भएको थियो । प्रसाइँलाई काठमाडौं पठाउने तयारी गरेको कास्की प्रहरी प्रवक्ता तथा सूचना अधिकारी डीएसपी हरिबहादुर बस्नेतले जानकारी दिए ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति बचाउ अभियानको नाममा कार्यक्रम, विभिन्न प्रदर्शन गर्दै पछिल्लो समय निर्वाचन बहिस्कार गर्ने भनेका प्रसाईंसँग सरकारले माघ २ गतेमात्र सम्झौता गरेको थियो । कार्तिक २६ गते दुर्गा प्रसाईं नेतृत्वको अभियानले गृहमन्त्री अर्यालसँग २७ बुँदे माग राखेको थियो । त्यसमध्ये सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक प्रसाईंबिच १२ बुँदे सम्झौता भएको थियो ।

सरकारले आन्दोलनका क्रममा दुर्गा प्रसाईंलगायतमाथि लागेका संगठित अपराध र फौजदारी मुद्दाहरू फिर्ता लिने प्रक्रियालाई सरकारले मन्त्रिपरिषद्को बैठकबाट तुरुन्तै अघि बढाउने बताएको थियो । सरकारसँग भएको सम्झौतामा किराँत र बौद्ध धर्मसहितको हिन्दु अधिराज्य, प्रदेश संरचनाको खारेजी र राजसंस्थाको पुनर्स्थापनासम्बन्धी मागका सन्दर्भमा आवश्यक संवैधानिक र कानुनी सुधारका विषयमा अध्ययन गरी सुझाव पेस गर्न सरकारले एक 'उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग' गठन गर्ने निर्णय भएको थियो ।

लघुवित्त र सहकारीका ऋणीहरूलाई राहत दिन भन्दै साना बचतकर्ता र ऋणीहरूको हकमा आगामी असार मसान्तभित्र १ लाख रुपैयाँसम्म फिर्ता गराउन सरकारले राष्ट्रिय सहकारी प्राधिकरणलाई ऋण दिएर 'चक्रवर्ती कोष' स्थापना गर्ने पनि सहमति भएको थियो ।

# न्यू एकेडेमीको वार्षिकोत्सव

सैनामैना । रुपन्देहीको सैनामैना नगरपालिका-२ स्थित न्यू एकेडेमी बोर्डिङ् स्कुलको २१औं वार्षिकोत्सव सम्पन्न भएको छ । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिनप्रसाद पौडेलको अध्यक्षता तथा लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार तथा विकास मन्त्री भूमिश्वर ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि मन्त्री ढकालले न्यू एकेडेमी बोर्डिङ् स्कुलले यस क्षेत्रको शैक्षिक विकासमा पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताए । उनले गुणस्तरीय शिक्षाका लागि स्थानीय, प्रदेश र संघीय सरकारबिच समन्वय अपरिहार्य रहेको उल्लेख गर्दै विद्यार्थीहरू राष्ट्रका भविष्यका कर्णधार भएकाले उनीहरूको शैक्षिक तथा मानसिक विकासमा शिक्षक र अभिभावकले विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिनप्रसाद पौडेलले विद्यालयको शैक्षिक उपलब्धि र प्रतिष्ठाबारे चर्चा गर्दै स्थापना कालदेखि नै गुणस्तरीय शिक्षा र अनुशासित शैक्षिक वातावरण निर्माणमा विद्यालय प्रतिबद्ध रहेको बताए । उनले सैनामैना क्षेत्रमा निरन्तर उत्कृष्ट शैक्षिक नतिजा हासिल गर्न विद्यालय सफल हुँदै आएको दाबी गरे ।

विद्यालयका प्रधानाध्यापक टोपलाल भट्टराईले विद्यालयको शैक्षिक तथा भौतिक विकासबारे जानकारी गराउँदै प्रारम्भिक चरणमा करिब २०० विद्यार्थीबाट सुरु भएको विद्यालयमा हाल १८ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको जानकारी दिए । पर्याप्त भौतिक पूर्वाधार र आधुनिक सुविधाले विद्यार्थीको समग्र विकासमा टेवा पुऱ्याएको उनको भनाइ थियो ।

त्यसैगरी, विद्यालयका शैक्षिक प्रमुख नविन प्रभुले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अभिभावक, शिक्षक, विद्यार्थी तथा सरोकारवालाबीचको सहकार्य र नियमित सुझाव अत्यन्त आवश्यक रहेको जनाए ।

वार्षिकोत्सवको अवसरमा विद्यार्थीहरूले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए भने विज्ञान तथा प्रविधि, खानाका परिकारलगायतका विषयमा विभिन्न स्टलहरू राखी प्रदर्शनीसमेत गरिएको थियो । कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

वार्षिकोत्सवले न्यू एकेडेमी बोर्डिङ् स्कुलको शैक्षिक योगदान र स्थानीय तथा क्षेत्रीय विकासमा यसको भूमिकालाई थप उजागर गरेको सहभागीहरूको भनाइ छ ।


बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं, -
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लियौं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दियौं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड



आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया

डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com



प्रो. मञ्जु एण्ड सन्स्

फोन: ०७१-५३५३१७

९८५७०६०३६८, ९८५७०६०३८४

न्यू कुमकुम ज्वेलर्स

वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com